मिति २०८१।०१।०४ गते मंगलबार मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५, को नियम ६ बमोजिम गठित जिल्ला समिति कपिलवस्तुका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री विश्व प्रकाश अर्यालको अध्यक्षतामा जिल्ला समितिको बैठक बस्यो। जसको उपस्थिति र निर्णय यसप्रकार रहेको छ।

उपस्थिति

| सि.नं. | पद | नामथर | कार्यालय/ संघ संस्था | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष/ प्र.जि.अ. | श्री विश्व प्रकाश अर्याल | जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु | ९८५७०३७७७७ | |
| २ | आमन्त्रित सदस्य/ जिल्ला समन्वय प्रमुख | श्री बाबुराम आचार्य | जिल्ला समन्वय समिति, कपिलवस्तु | ९८५७०५०८०२ | |
| ३ | सदस्य/ प्रहरी उपरिक्षक | श्री नवरत्न पौडेल | जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु | | |
| ४ | सदस्य/सह न्यायाधिवक्ता | श्री तुल्सीराम ज्ञवाली | जिल्ला सरकारी वकिल कार्यालय, कपिलवस्तु | | |
| ५ | सदस्य | श्री रुकैया खातुन | फातिमा फाउण्डेशन कपिलवस्तु | 9847062006 | |
| ६ | सदस्य | श्री पुष्पा रेग्मी | महिला मानव अधिकार रक्षक संजाल | 9847040332 | |
| ७ | सदस्य | श्री सुनिता के.सी. | शान्ति पुन:स्थापना गृह | 9847288048 | |
| ८ | सदस्य | श्री लवकुश उपाध्याय | आस्था समूह कपिलवस्तु | 9847536455 | |
| ९ | सदस्य | श्री किरणमान बज्राचार्य | पत्रकार महासंघ नेपाल, कपिलवस्तु | 0 | |
| १० | सदस्य सचिव/ प्र.अ. | श्री टंक प्रसाद पन्थी | जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु | | |
| ११ | आमन्त्रित | श्री उर्मिला चौधरी | शान्ति पुनःस्थापना गृह | ९८२६४१९६५८ | |

## निर्णयहरु

१. कपिलवस्तु जिल्लामा मानव बेचविखन तथा ओसारपसारको बढ्दो घटना एवं सो को रोकथाम तथा नियन्त्रण, पिडित/ प्रभावितको पहिचान गरी उद्धार संरक्षण, पुन:स्थापना र पुन एकिकरणका सम्बन्धमा सरोकारवाला पक्षहरुबाट भए गरेका कृयाकलापहरुको बारेमा बैठकमा प्रस्तुति भई आवश्यक समिक्षा गरियो।

२.अज्ञानता,आर्थिक विपन्नता, भेदभावपूर्ण सामाजिक संरचना र मानव भित्रको व्यवहारमा एकरुपता नहुँदा मानवका हक/अधिकार हनन हुने अस्मिता लुटिने, हिंसा बढाउने, झुक्याएर अन्यत्र लैजाने, घरेलु काममा लगाउने, मानव अंग झिक्ने वा अन्य प्रकारका यौन शोषण गर्ने जस्ता अपराधिक गतिविधि हुने गरेको तथा खुल्ला सिमानाको कारण अपराधिक गतिविधि थप बढ्न सक्ने तर्फ सबै पक्ष सजग रहदै यस्ता सम्भावित गैरकानूनी गतिविधिलाई समयमै नियन्त्रण गर्ने।

३.मानव बेचविखन तथा ओसार पसारलाई न्यूनिकरण गर्न देहाय बमोजिम कार्य गर्ने।

- सबै स्थानीय तहहरुमा मानव बेचविखन तथा ओसार पसार नियन्त्रण समिति गठन गरी परिचालन गर्न जिल्ला समन्वय समितिले आवश्यक समन्वय गर्ने।
- ग्रामीण स्तरमा आवश्यक जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्ने, जिल्लका सबै संचारका माध्यमले आवश्यक प्रचार प्रसार गर्ने।
- जिल्लामा मानव बेचविखन नियन्त्रणका क्षेत्रमा क्रियाशिल संघ/ संस्थाले सरकारी निकायसंग समन्वयमा रही आवश्यक सूचना आदान प्रदान गर्ने, सीमा क्षेत्रमा निगरानी गरी सुरक्षा निकायलाई सहयोग गर्ने र जोखिममा रहेका व्यक्तिको उद्धारका लागि आ-आफ्नो निकायबाट आवश्यक सहयोग गर्ने।
- जिल्ला प्रहरी कार्यालयले सीमा क्षेत्रमा आवश्यक निगरानी तथा गस्ती बढाउने, सम्भावित जोखिमको विश्लेषण गरी आवश्यक तयारी गर्ने र अपराध नियन्त्रणका लागि प्रचलित कानून बमोजिमका कार्य गर्न अझ बढी तदारुकता देखाउने।
- पिडितलाई शारिरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुन:स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउन आवश्यकतानुसार स्थानीय तहले समेत पुन:स्थापना केन्द्र संचालन गर्नुपर्ने अवस्थामा सो को प्रकृयामा जाने गरी आवश्यक व्यवस्था मिलाउने।
- जिल्ला समितिबाट समय- समयमा अनुगमन गरी राष्ट्रिय समितिमा सो को प्रतिवेदन पेस गर्ने।

Scanned with CamScanner